स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं, दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

लुम्बिनी प्रदेश सरकार
आन्तरिक मामिला, कानुन तथा सञ्चार मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



'ह्यान्डसम भिलेन'को रुपमा चिनिएका अनुपविक्रम शाहीले बलिष्ठ शरीर बनाएका छन् । यसका लागि उनी दिनहुँ जिममा पसिना बगाउँछन् । खानपिनदेखि अन्य जीवनशैलीमा अनुशासित छन् । यसैले त उनको शरीर बाह्रैमास एकैनास हुन्छ । हालै उनले एक बाइक उचालेर आफ्नो यो इच्छा प्रकट गरेका छन् । उनले शनिबार एमाहा कम्पनीको शोरुममा एमाहाको १३८ केजीको एमटी १५ बाइक उचालेका हुन् । उनले बाइक उचालेको भिडियो क्लिप्स इन्स्टाग्राम स्टोरीमा सेअर गरेका छन् ।

**आजको विचार...**



प्रकाश नेपाल

रेशम...
(दुई पेजमा)



नायिका निता ढुंगानाको निर्देशनमा निर्माण भएको म्युजिक भिडियो 'प्रतिक्षा' सार्वजनिक गरिएको छ । भिडियोमा कर्ण दासको स्वर तथा संगीत सुन्न सकिन्छ । गीतको शब्द रचना सचिता कर्माचार्यको रहेको छ ।

❒ वर्ष २८ ❒ अंक ३०७ ❒ २०८० जेठ २२ गते सोमबार 5 June 2023, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# अचाक्ली बढ्यो गर्मी, धामाधम हुन थाले विद्यालय बन्द

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ २१/केही दिनयता देशका विभिन्न स्थानहरूमा अचाक्ली गर्मी बढेको छ । वर्षा गराउने मौसमी गतिविधि कम सक्रिय भई देशका अधिकांश स्थानहरूमा तापक्रम उल्लेख्य रुपमा वृद्धि हुँदै जाँदा अचाक्ली गर्मी बढेको हो ।

तराईमा अध्याधिक बढेको गर्मी पाल्पासहित पहाडी जिल्लामा समेत देखिएको छ । तराई क्षेत्रमा बढेको गर्मीका कारण विद्यालयको पठनपाठन समेत प्रभावित बनेको छ । छिमेकी जिल्ला रुपन्देहीमा केही दिनयता बढेको प्रचण्ड गर्मी कम नभएपछि विद्यालयहरु धामाधम बन्द हुन थालेका छन् । अत्यधिक गर्मी बढेपछि पठनपाठन गर्न गराउन नसक्ने स्थिति सिर्जना भएको भन्दै तिलोत्तमा नगरपालिका र सैनामैना नगरपालिका भित्रका विद्यालयहरु आजदेखि बन्द भएका हुन् ।




सैनामैना नगरपालिकाले आजदेखि जेठ २४ गतेसम्म ३ दिन नगरपालिका भित्रका सबै विद्यालयलाई बिदा दिने निर्णय गरेको छ । अत्यधिक गर्मी बढेपछि बालबालिकाहरू कक्षा कोठामा बसेर पढ्नै नसक्ने अवस्था भएकाले ३ दिनका लागि विद्यालय बन्द गर्न आह्वान गरिएको नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत जनक थापाले बताए । उनले भने 'विगत केही दिनदेखि अत्यधिक मात्रामा तापक्रम वृद्धि हुँदा दिउँसोको समयमा विद्यालय जाँदा, आउँदा बालबालिकाको स्वास्थ्यमा प्रतिकूल असर पर्ने देखिएकोले नगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण विद्यालयहरु जेठ २२ देखि २४ गतेसम्म वर्षे बिदाबाट कट्टा हुनेगरी गर्मी बिदा दिन सूचना जारी गरिएको छ ।' लु लाग्ने सम्भावना समेत भएकाले थप दुई दिन विदा बढाउन सकिने प्रमुख प्रशासकिय अधिकृत थापाले बताए । मौसम पूर्वानुमान महाशाखाले देशका तराई भू-भागमा तातो हावा तथा 'लु' लाग्न सक्ने चेतावनी समेत दिएको छ । महाशाखाले शुक्रबार दिउँसो विशेष बुलेटिन जारी गरेर विगत केही दिनदेखि काठमाडौं उपत्यकासहित देशभर गर्मी बढेको भन्दै तराईका भू-भागमा आउँदो पाँच दिन लु लाग्न सक्ने चेतावनी दिएकाले पनि विद्यालयहरु बन्द गर्नु परेको नगरपालिकाले जनाएको छ ।

यस्तै, तिलोत्तमा नगरपालिका भित्रका विद्यालय पनि आजदेखि बन्द हुने भएका छन् । नगरपालिकाले ५ दिन विद्यालय बन्द गर्न सबै विद्यालयलाई आग्रह समेत गरिसकेको छ । गर्मी बढ्दो क्रममा रहेकाले शुक्रबारसम्म विद्यालय बन्द गर्न भनिएको प्रमुख प्रशासकिय अधिकृत नारायण अर्यालले एनजेडीलाई बताए । उनले भने 'नगर प्रमुखस्तरीय निर्णयानुसार विगत केही दिनदेखि बढिरहेको तापक्रमले अत्यधिक गर्मी भइ विद्यालयहरुमा पठनपाठन सञ्चालनमा कठिनाइ भएको हुँदा वार्षिक बिदाबाट समायोजन हुने गरी आजदेखि ५ दिनसम्म नगरभित्रका सम्पूर्ण शैक्षिक संस्था (सामुदायिक तथा संस्थागत) हरुमा बिदा गर्ने निर्णय भएको छ ।' नगरपालिकाले शुक्रबारसम्म विदा दिए पनि आइतबारदेखि भने विद्यालयहरुको बर्खे विदा समेत सुरु हुने जनाइएको छ । अत्यधिक गर्मीले बालबालिकालाई पठनपाठन गर्न र शिक्षक शिक्षिकालाई पढाउन कठिनाई भएको कुरालाई मध्यनजर राख्दै ५ दिन गर्मी बिदा दिने निर्णय गरिएको प्रमुख प्रशासकिय अधिकृत अर्यालले बताए । आगामी बर्खे बिदासँग समायोजन गर्ने गरी अहिले बिदा दिने निर्णय गरेको उनले बताए ।

नेपाल अभिभावक महासंघ, लुम्बिनी प्रदेश समितिले समेत विद्यालय बन्द गराउन आग्रह गर्दै आएको छ । तराईका जिल्लाहरुमा अत्यधिक गर्मी बढेसँगै जनजीवन प्रभावित भएको अवस्थामा विद्यालयको पठनपाठनमा प्रत्यक्ष असर गरेको र विद्यार्थीहरुलाई विद्यालय आवतजावत गर्न तथा कक्षाकोठामा बसेर अध्ययन गर्न कठिनाइ भएको हुँदा केही समय विद्यालय बन्द गर्न महासंघले आग्रह गर्दै आएको हो ।

महासंघका विज्ञप्ती जारी गर्दै केही दिनयता तराईका जिल्लाहरुमा ४० डिग्रीभन्दा माथि तापक्रम पुगेको र बढ्ने क्रम रहेको हुँदा उच्च तापक्रममा स-साना बालबालिकाहरुलाई घरबाट विद्यालय जान र विद्यालयबाट घर फर्कन समस्या भइरहेको, विद्यालय गए पनि नियमित शिक्षण सिकाई क्रियाकलापमा सामेल हुन असहज भइरहेको भन्ने अभिभावकहरुको गुनासो आएको हुँदा विद्यार्थीहरुको जीवन रक्षाका लागि विद्यालय बन्द गर्नु उपयुक्त देखिएकाले स्थानीय सरकार, शिक्षा विकास तथा समन्वय इकाइ, विद्यालय सञ्चालक तथा सरोकारवाला संस्थाहरुको ध्यानाकर्षण गराएको छ । रुपन्देही लगायतका लुम्बिनी प्रदेशका तराईका जिल्लाहरुमा उच्च गर्मीका कारण झाडापखाला, उच्च ज्वरोका बिरामीहरूको संख्या बढेको समेत अस्पतालहरुले जनाएका छन् । गर्मीबाट बालबालिका र वृद्धवृद्धा बढी प्रभावित भएका छन् । तराईमा लू चल्न थालेको भन्दै स्वास्थ्य मन्त्रालयले सचेत रहन पनि आग्रह गरेको छ ।

## संक्षिप्त समाचार

### अवरोधपछि राष्ट्रिय सभा बैठक स्थगित

**पाल्पा,** जेठ २१/आइतबार बसेको राष्ट्रिय सभाको बैठकमा प्रतिपक्ष दलहरूले संसद अवरोध गरेका छन् । प्रतिपक्षी दल नेकपा एमाले,राष्ट्रिय स्वतन्त्र पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीले संसद अवरोध गरेका हुन् ।

सांसदहरूले राष्ट्रपति रामचन्द्र पौडेलबाट असंवैधानिक ढंगले नागरिकता विधेयक प्रमाणिकरण गरेको भन्दै प्रतिनिधिसभामा नाराबाजी गरे । प्रतिपक्ष दल एमालेले राष्ट्रपतिको असंवैधानिक कदम खारेज गर भन्दै नाराबाजी गरेको थियो । प्रतिपक्षी दलले आफ्नो अडान कायम राखेपछि सभामुख देवराज घिमिरेले संसद बैठक स्थगित गरे ।

आइतबार स्थगित भएको राष्ट्रिय सभाको बैठक आज एक बजेपछि बस्ने भएको छ । राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक प्रमाणीकरण र प्रधानमन्त्रीको भारत भ्रमणको विषयमा राष्ट्रघाती काम गरिएको भन्दै एमालेले सरकारको जवाफ मागेर बैठकमा अवरोध गरेपछि बैंठक स्थगित भएको हो ।

## पाल्पामा जिप दुर्घटना ३ को मृत्यु, १२ घाइते




**पाल्पा,**जेठ २१/पाल्पाको रैनादेवी छहरा गाउँपालिका-८ सत्यवतीमा जिप दुर्घटना भएको छ । आइतबार साझाँ रुपन्देहीको सालझण्डीबाट अर्घाखाँचीको पणेनातर्फ जाँदै गरेको लु १ च ९०२४ नम्वरको जिप सत्यवतीको केवरेछेडामा दुर्घटना भएको हो ।

दुर्घटनामा परी ३ जनाको घटनास्थलमै मृत्यु भएको छ भने १२ जना घाईते भएको वडा अध्यक्ष रेमबहादुर रानाले जानकारी दिए । घाईतेहरुलाई स्थानीयवासी तथा प्रहरीको सहयोगमा उद्धार गरी उपचारको लागि बुटवलतर्फ पठाइएको वडा अध्यक्ष रानाले बताए । मृतकहरुको पोष्टमार्टमको लागि बुटवलतर्फ पठाएको उनले बताए । यो समाचार तयार पार्दासम्म मृतकको भने पहिचना खुलेको छैन् । जिप अत्याधिक लोड भएकाले साघुरो बाटोमा लोड थाप्न नसकी व्याक भई दुर्घटना भएको हुन सक्ने बताइएको छ । जिप सडकबाट करीव ७० मिटर तल खसेको छ । घटनास्थमा ईलाका प्रहरी कार्यालय भुझुङ, प्रहरी चौकी बल्ढेङगढी र ईलाका प्रहरी कार्यालय सालझण्डीबाट प्रहरीहरु खटिएका थिए ।

## सरकारी अनुदानको मल निजी एग्रोभेटलाई, प्रहरीले लियो नियन्त्रणमा

**रामपुर (पाल्पा),** जेठ २०/सरकारले किसानलाई अनुदानमा उपलब्ध गराएको रासायनिक (युरिया) मल प्रहरीले फेला पारेको छ । पाल्पा रामपुर नगरपालिका-७ स्थित हराभरा कृषि सहकारीले अनुदानमा आएको मल निजी एग्रोभेटलाई बिक्री गरेको पाइएपछि प्रहरीले नियन्त्रणमा लिएर मल फिर्ता गरेको छ । सहकारीले स्याङ्जाको वालिङ भकुण्डेस्थित गरिमा एग्रोलाई बिक्री गरी गाडीमा मल लैजाँदै गर्दा प्रहरीले फेला पारेको हो ।




वडा प्रहरी कार्यालय वालिङले बिहीबार राति मल फेला पारेर नियन्त्रणमा लिएको छ । सो मल शुक्रबार साँझ करिब ६ बजेको समयमा रामपुर नगरपालिकालाई प्रहरीले बुझाएको हो । सहकारीबाट ४० बोरा मल किनेर निजी एग्रोभेटले लगेको पाइएपछि प्रहरीले नियन्त्रणमा लिई मल रामपुर नगरपालिकालाई बुझाएको नगरपालिकाका सूचना अधिकारी रामहरी पाण्डेयले जानकारी दिए । 'सेयर सदस्य र वडावासीलाई मात्रै उपलब्ध गराउने मल हो, नियम विपरीत फरक जिल्लामा मल बिक्री भएको पाइएको छ, यस विषयमा सहकारीसँग लिखित स्पष्टीकरण माग्नेछौं, नगर उपप्रमुखको संयोजकत्वमा स्थानीय मल व्यवस्थापन समितिले छानबिन गर्नेछ' उनले भने । उपप्रमुख संयोजक रहेको समिति सदस्यमा प्रमुख प्रशासकीय अधिकृत, कृषि शाखा प्रमुखसहित तीन सदस्यीय समिति रहनेछ । अनुदानको मल व्यवस्थापन निर्देशिका, २०७७ अनुसार स्थानीय तहमा मल वितरण समिति रहन्छ । समितिको बैठक बसेर यसबारेमा छानबिन गरिने सूचना अधिकारी पाण्डेयले जानकारी दिए । रामपुर नगरपालिकाभित्र जेठ महिना लागेपछि हालसम्म एक हजार एक सय बोरा अनुदानको मल प्राप्त भएको छ । *(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विश्व वातावरण दिवसको सन्दर्भ

**विश्व वातावरण दिवस एक अन्तर्राष्ट्रिय दिवस हो । यो हरेक वर्षाको ५ जुनमा मनाउने गरिन्छ । १९७३ देखि पहिलो पटक विश्व वातावरण दिवस मनाउन सुरु गरिएको हो । सन् १९७२ मा स्विडेनको राजधानी स्टकहोममा मानव वातावरण सम्बन्धी संयुक्त राष्ट्र सम्मेलनको पहिलो दिनमा उक्त सभाले डिजाइन गरेको यो दिवस विश्वमा मनाइने सबैभन्दा ठूलो वार्षिक कार्यक्रम हो । जसले मानिसहरूमा वातावरणीय चेतनालाई उजागर गर्ने कार्य गर्छ । यसको मुख्य उद्देश्य हाम्रो प्रकृतिलाई सुरक्षित राख्न जागरुकता बढाउनु र दिनहुँ बढिरहेका विभिन्न वातावरणीय मुद्दाहरूको सम्बोधन गरी स्वस्थ र सुरक्षित वातावरणका लागि विश्वव्यापी रूपमा मानिसहरूलाई प्रोत्साहन गर्नु हो ।**

**नेपालमा पनि हरेक वर्ष विभिन्न सचेतनामूलक कार्यक्रमहरु गरी यो दिवस मनाइन्छ । तर पछिल्लो समय नेपालमा वातावरणीय विनाश दिन प्रतिदिन बढिरहेको छ । यो अत्यन्त दुखको कुरा हो । बढ्दो जनसंख्याको कारण भएको अव्यवस्थित सहरीकरण, विभिन्न पूर्वाधारहरूको निर्माण, बढ्दो मात्रामा यातायातका साधनहरूको प्रयोग, विभिन्न रासायनिक पदार्थहरूको प्रयोगले गर्दा वातावरण दिन प्रतिदिन प्रदुषण हुने गरेको छ । नेपालमा जल, वायु, भूमि प्रदूषणको साथै दृश्य प्रदुषण पनि बढेको छ । मानवीय क्रियाकलापबाट सिर्जित बढ्दो सहरीकरण, फोहोरमैला, आणविक भट्टीबाट निस्कने विषालु ग्याँस, जनसंख्याको तीव्र वृद्धि, प्राकृतिक सम्पदाको तीव्र दोहन आदि नै वातावरणीय विनाशका प्रमुख कारणहरू हुन् । वास्तवमा वातावरणीय विनाशको कारणले मरुभूमीकरण वर्षा, ओजोन तह नष्ट, बाढी पहिरो र हरित गृह प्रभाव बढ्ने क्रममा छ । वातावरण विनासले जलवायु परिवर्तनको असर समेत देखापरेको अवस्था छ । जलवायु परिवर्तनका कारण आम मानिसको जीवनमा समेत असर पुऱ्याउन थालिकेको छ । वातावरणलाई स्वच्छ र सफा बनाउने दिशामा समयमै सोचिएन भने यसले विकराल रुप लिन सक्ने देखिन्छ । यसतर्फ सबैले ध्यान दिन आवश्यक छ । वातावरणको सिर्जना पृथ्वीमा रहेका जीवजगत र प्राकृतिक सम्पदाहरूको संयोगबाट हुने भएपनि यसको संरक्षणमा मानव जातिको महत्वपूर्ण भूमिका हुन्छ । तसर्थ वातावरण स्वच्छ राख्ने काममा सबैले ध्यान दिन सके मात्र यो दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ । अन्यथा दिवस औपचारिकतामै सिमित रहन्छ ।**

## Opinion @ Social Network

मलाई आजकाल इज्जत बिनाको गुनासोको सुन्नै मन लाग्दैन
किन कि त्यो म्याद गुज्रिएको समान जस्तो भयर होला है ।
***(दिलमाया शाहीको फेसबुक स्टाटस** https://www.facebook.com/dilmaya.shahi)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# रेशम चौधरी रिहाइले उब्जिएका प्रश्न



**प्रकाश नेपाल**

> *सरकारमा गणपुरक सख्या पुऱ्याउनका लागि यो विधि अपनाइयो । जब सरकारको सिफारिसमा राष्ट्रपतिले तोक लगाए डिल्ली बजार कारागारबाट बिहान ८ बजे चौधरी निस्कदै गर्दा भनेका थिए -'टिकापुर घटनाका मुख्य अभियुक्त पुरस्कृत भए निर्दोषलाई फसाइयो ।' उनको यस्तो अभिव्यक्तिले पनि उनमा गलत भयो भन्ने महशुस नै भएन । यो प्रकरण भनेको जघन्य अपराध नै हो । यस्ता अपराधिक मनोवृत्तिलाई राज्यले निर्मुल पार्नुको सट्टा प्रशंसा गर्नु भनेको मुलुकमा दण्डहिनता बढ्दै जानु हो । यस्ता क्रियाकलापका कारण मुलुकमा सरकार भएको अनुभूति नै नहुनु हो । यो प्रकरणले कस्तो सन्देश जान्छ प्रश्न यहाँ हो ? निर्मला पन्तको बलत्कार पछि हत्या भएको घटनालाई तत्कालिन सरकारले आरोपित एंव घटनामा सग्लन व्यक्तिलाई संरक्षण दिंदा बलत्कारका घटना बढ्दै पनि गएका छन् ।*

टीकापुर घटनामा जन्मकैदको सजाय भोगिरहेका रेशम चौधरीको रिहाइ यति बेला देशमा वहसको विषय बनिरहेको मात्रै छैन त्यसले थुप्रै प्रश्नहरु समेत जन्माएको छ । तीनै तहको न्यायालयबाट दोषी ठहर भएर जन्मकैदको सजाय पाएका चौधरीको रिहाइ हुनुले विभिन्न वहस र प्रश्न उब्जिनु स्वभाविक नै हो । गम्भीर प्रकृतिका घटनामा दोषी ठहर भएकालाई कैदमाफी दिने निर्णय गलत भएको भनेर स्वयं सत्ता साझेदार दलका ठूला नेताहरुले टिप्पणी गरेका छन् भने केहीले राजनीतिक प्रकृतिको घटना भएकाले उनले न्याय पाएको बताएका छन् । तीनै तहका अदालतबाट जन्मकैद सुनाइएका नागरिक उन्मुक्ति पार्टीका संरक्षक समेत रहेका चौधरीका लागि यस वर्षको गणतन्त्र दिवस मुक्ति दिवस बन्यो । सर्वोच्च अदालतले जिल्ला अदालत, उच्च अदालतको जन्मकैदको फैसला सदर गरिदिएको दुई साता नबित्दै उनी जेलबाट मुक्त भए । यसले यो गणतन्त्र प्राप्तिका बलिदानी दिनेहरुप्रतिको उपहास हो । यो प्रकरणले संघीय लोकतान्त्रिक गणतन्त्रलाई सधैव गिज्याई रहने छ । सत्ता टिकाउका लागि राजनीतिक दलहरुले गरेको यस्तो हर्कद जति भर्त्सना गरे पनि कम नै हुन्छ । मुलुकमा दण्ड हिनताले प्रश्रय पाएको यो एउटा गतिलो र बलियो उदाहरण नै हो । रेशम चौधरीको रिहाइपछि उठेका सवाल र प्रश्नहरुको पेरीफेरीमा केन्द्रीत रहेर यहाँ चर्चापरिचर्चा गर्ने प्रयास गरिएको छ ।

२०७२ सालमा राज्यको पुन:संरचनाको क्रममा सुदुरपश्चिममा थरुहट र अखण्ड सुदुरपश्चिमको आन्दोलन भएको थियो । त्यसै क्रममा भदौ ७ गते कैलालीको टिकापुरमा हिसात्मक घटना घट्यो । हिसात्मक घटनाका मुख्य योजनाकार रेशम चौधरी नै हुन् । हिसात्मक घटनामा सेती अञ्चलका सशस्त्र प्रहरी प्रमुखसहित ८ जना र एक जना बालकको जघन्य रुपमा हत्या हुन पुग्यो । यस्तो विभत्स घटनाका मुख्य नायक रेशम चौधरीलाई यस अगाडि पनि चोख्याउने प्रयत्न नभएको होइन तर सम्मानित अदालतले नै रोकी दिएको थियो । अन्तिममा प्रचण्ड नेतृत्वको सरकारको मन्त्री मण्डलको सिफारिसबाट सम्मानित राष्ट्रपति रामचन्द्र पौड्यालबाट गणतन्त्र दिवसको अवसरमा सजाय माफी भयो । यो प्रकरणले संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थाप्रति प्रश्न उठाउने मात्र होइन, इमान्दार तथा सोझा जन जनमा अविश्वास प्राप्त भएको छ । यो प्रकरणमा प्रमुख प्रतिपक्ष दल पनि उम्कन पाउँदैन ओली नेतृत्वको सरकारले पनि चौधरीलाई उन्मुक्ती दिने प्रयत्न गरेको थियो तर अदालतले रोकिदियो । यो विषयमा नेकपा एमालेले विरोध गर्नु भनेको गोहीको आशुँ बगाउनु हो । सरकारमा गणपुरक सख्या पुऱ्याउनका लागि यो विधि अपनाइयो । जब सरकारको सिफारिसमा राष्ट्रपतिले तोक लगाए डिल्ली बजार कारागारबाट बिहान ८ बजे चौधरी निस्कदै गर्दा भनेका थिए -'टिकापुर घटनाका मुख्य अभियुक्त पुरस्कृत भए निर्दोषलाई फसाइयो ।' उनको यस्तो अभिव्यक्तिले पनि उनमा गलत भयो भन्ने महशुस नै भएन । यो प्रकरण भनेको जघन्य अपराध नै हो । यस्ता अपराधिक मनोवृत्तिलाई राज्यले निर्मुल पार्नुको सट्टा प्रशंसा गर्नु भनेको मुलुकमा दण्डहिनता बढ्दै जानु हो । यस्ता क्रियाकलापका कारण मुलुकमा सरकार भएको अनुभूति नै नहुनु हो । यो प्रकरणले कस्तो सन्देश जान्छ प्रश्न यहाँ हो ? निर्मला पन्तको बलत्कारपछि हत्या भएको घटनालाई तत्कालिन सरकारले आरोपित एंव घटनामा सग्लन व्यक्तिलाई संरक्षण दिंदा बलत्कारका घटना बढ्दै पनि गएका छन् ।

अपराध मुलुक घटनालाई राजनीतिक स्वरुपमा बदल्नु अत्यन्तै दुखद् पक्ष हो । फेरि यो विषय भनेको राष्ट्रिय महत्वको भन्दा पनि जातिय क्षेत्रिय महत्व र स्वार्थसँग गासिएको विषय हो । पञ्चायतकालिन समयमा पनि उच्च वर्गबाट घटाइएका घटनाहरु लुकाइने गर्दथियो । आज प्रजातन्त्र हुँदै गणतान्त्रिक व्यवस्थासम्म पनि उस्तै ठूला राजनैतिक दलहरुले घटाएका घटनाका विवरणहरु गुपचुप नै राखिदैछन् । आखिर के फरक भयो, पञ्चायती व्यवस्था र गणतान्त्रिक व्यवस्थामा ? माओवादी जनयुद्धको समयमा केही घटनाहरु क्षमा नहुने छन् । चितवनको बादरमुढेमा भएको घटनाले स्वयम माओवादी अध्यक्ष पुष्पकमल दाहाललाई भतभति पश्चातापको पिडाले पोलिरहेको छ । तर रेशमलाई आजसम्म पनि पश्चाताप भएको होला र ? यो प्रकरणमा राष्ट्रपति समेत चुके । सरकारले सिफारिस गर्न भन्दैमा तोक लगाउन हुन्छ की हुँदैन भन्ने ज्ञान एउटा देशका राष्ट्रपति जस्तै गरिमामय पदमा बसेका व्यक्तिका ज्ञान नहुनु कस्तो विडम्वना हो ।

उनले पनि आफ्नो सल्लाहाकारसँग छलफल गरे की गरेनन् त्यो उनै राष्ट्रपतिलाई थाहा होला । राजनीतिकमा स्वच्छ छवि बनाएका राष्ट्रपति पौडेल यो प्रकरणमा भने नराम्रोसँग गिजलिएका छन् । भन्न त भनिएला राष्ट्रपतिमा कुनै अधिकार छैन् तर पनि राष्ट्र, राष्ट्रियता राजनीतिकमा दुर्गामी परिमाण राख्ने विषयमा परामर्श नै गर्नु पर्दछ । सेनापति प्रकरणमा पुष्पकमल दाहालको निर्णय बदर नै गरिदिए रामवरण यादवले । त्यति बेला पनि उनले राष्ट्र र राष्ट्रियताको महत्वलाई ध्यान दिएर प्रधानमन्त्रीको गलत कदमलाई सच्याइ दिने मौका प्राप्त भयो । राष्ट्रपति भनेको कुनै विशेष संस्थाको सिमित स्वार्थका लागि मात्र नभई आमजनता र राष्ट्रका अभिभावक हुनु पर्ने तर भएन । यो विषयमा सामाजिक सञ्जालमा सर्वसाधारण, राजनीतिकर्मी, प्राध्यापक, बुद्धीजिबी सबैबाट तिव्र आलोचना भएकै छ । यो विषयमा सदन सरकारमा सहभागी दल मध्य नेपाली काँग्रेसको नेतृत्व बढी जिम्मेवारी हुनु पर्दथियो । असमक्षताका कारण यस्तो भयो । काँग्रेस नेतृत्वले यो विषयमा आमजनतालाई जवाफ दिनुपर्दछ । सरकारले गरेको निर्णय भनेर आफ्नो जिम्मेवारबाट पन्छिन् भने पाइदैन । यस्ता दुर्गामी महत्व राख्ने विषयमा अत्यन्तै संवेदनशील बन्नु पर्दछ । यो विषयमा सर्वत्र आलोचना बढेको पनि छ । फेरि २०७२ सालको भदौमा ८ जना प्रहरी जवानसँगै एक जना दुधे बालकको निर्मम तवरबाट भएको हत्या फेरी नआओस् भन्दै यस हत्या प्रकरणमा सबैको मन नमिठो गरी पोली रहेको छ । यो प्रकरणले त सत्ता भन्दा सत्ताच्युत हुने भयका कारण सरकारले गलत निर्णय गरेको आम जनताको बुझाई रहेको हुन्न सक्दछ । यसमा त मुख्य आरोपित रेशम चौधरी मात्र थुनाबाट मुक्त हुँदा त्यस भन्दा तलका उनका सबै सहयोगीहरु किन थुनाबाट मुक्त गर्न सकिएन ? उनीहरुको आत्माले पनि सरकारको नेतृत्व गर्नेहरुलाई श्राप नै दिने छ । यस परिदृश्यले के अर्थ लगाउछ भने कानुनी राज्यको अन्त्य भयो भन्ने हो । जिल्ला अदालतबाट दोषी ठहर भएकोमा त्यसलाई उच्च र सर्वोच्च अदालतबाट सदर भएको थियो । फेरी पछिल्लो समयमा सर्वोच्च अदालतबाट फैसला भएको दुई साता पनि बित्न नपाउदै र फैसलाको पूर्णपाठ आउन नपाउदै गणतन्त्र दिवसको अवसरमा सरकारको सिफारिसमा राष्ट्रपतिले कैदमाफी दिनु भनेको अदालतको निर्णयलाई अपमान गर्नु हो ।

सत्ताको संरक्षणको लागि जे, गरे पनि हुँदोरहेछ । हाम्रा नेताहरु कालोलाई सेतो गराउने जादुको छडी उनीहरुसँग भएको अलौकिक शक्ति रहेछ भन्ने एउटा गतिलो उदाहरण यो नै हो । सत्ताको जोड घटाउसँगै संविधानको व्यवस्थालाई दुरुपयोग गर्दै दण्डहिनतालाई प्रश्रय दिने संविधानको व्याख्या, अदालतको फैसलाको धज्जी उडाउने काम भयो । टिकापुर घटनामा नृशंस तवरले मारिएका मध्य प्रहरी निरीक्षक केशव बोहोराको धर्म पत्नी शारदा बोहोराले रेशमको कैद माफी विरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दिएकी छन् । हेरौं सम्मानित अदालतको फैसला कस्तो हुनेछ । जे जस्तो भए पनि दण्डहिनताको अन्त्य , कानुनी राज्य हुनु पर्दछ भन्ने आम नागरिकको अपेक्षा पनि यही नै हो ।

***(लेखक जिल्लाका क्रियाशील एवं समसामयिक विषयमा खरो रुपमा कलम चलाउने युवा पत्रकार समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५


**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :विश्वासपात्रबाटै धोका पाइने सम्भावना देखिएकाले सजग रहनुहोला। | **तुला** : अवसर प्राप्त भए पनि पहिलेको हरहिसाब नमिल्नाले समस्या पर्ला । |
| **बृष** : जिम्मेवारी प्राप्त भए पनि बेलामा होस नपुऱ्याउँदा पछि परिनेछ । | **बृश्चिक** :काममा चुनौती देखिए पनि स्थितिलाई सहज बनाउन सकिनेछ। |
| **मिथुन** : परिबन्धले समस्या निम्त्याउने हुँदा योजना गोप्य राखेर अघि बढ्नुहोला। | **धनु** : काम बिग्रने भयले सताउनेछ भने न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला । |
| **कर्कट** : परिवेश उल्लासमय रहे पनि मनको डरले भने सताउनेछ । | **मकर** : गोप्य सूचना बाहिरिने हुँदा बोली, व्यवहारमा सजग रहनुहोला। |
| **सिंह** :बेसुरमा धन खर्च गर्नाले सञ्चित र कम सकिनेछ। अर्थअभावले सताउन सक्छ। | **कुम्भ** : सम्भावना देखिए पनि उपलब्धि हातपार्न निकै मिहिनेत पर्नेछ । |
| **कन्या** :व्यापार, साझेदारी र सट्टापट्टामा लाभ मिल्नेछ। श्रमको उचित मूल्यांकन हुनेछ । | **मीन** : समयको माग अनुसार चल्न नसक्दा पछि परिनेछ । |

# कुमाल बस्तीका बालिकाकालाई आधारभूत शिक्षाको समस्या




भोजपुरको मोथेटार कुमाल बस्तीका बालबालिकालाई आधारभूत शिक्षा लिन नै समस्या हुने गरेको छ । राज्यले स्वास्थ्य, शिक्षा, आवास, खानेपानी लगायतलाई आधारभूत आवश्यकताका रूपमा राखे पनि यहाँका बासिन्दा ती आधारभूत आवश्यकताबाटै बञ्चित हुँदै आएका छन् । षडानन्द नगरपालिकाको वडा नं ६ अरुण नदी किनारमा रहेको यो बस्तीका करिब ३५ घरपरिवारलाई आधारभूत सेवा लिन नै समस्या छ । यहाँका स्थानीयलाई शिक्षा र स्वास्थ्यको सेवा लिन अत्यन्तै समस्या छ भने कतिपय परिवारको आफ्नो जमिन छैन । नदी किनारको बस्ती भएकाले यहाँका परिवारले कुटो, कोदालो, माटाको भाँडा तथा अरूण नदीमा माछा मारेर जीवनयापन गर्दै आएका छन् । उनीहरूलाई बिहान बेलुकाको छाक टार्ने समस्या हुने गरेको छ । गरिबीका कारण कुमाल समुदायका अधिकांश बालबालिका शिक्षाको पहुँच बाहिर रहेको स्थानीय जानकारहरूको भनाइ छ । यहाँ जनचेतना आधारभूत विद्यालयमा कक्षा ३ सम्म अध्ययन हुने भए पनि बालबालिका भने कमैमात्र विद्यालय जाने गरेका छन् ।

यो बस्तीमा रहेको गरिबी तथा भौगोलिक विकटताका कारण बालबालिका शिक्षाको पहुँचबाट बाहिर रहेको दिङ्लका समाजसेवी प्रकाश पौडेलले जानकारी दिए । यो ठाउँका बालबालिकाले आधारभूत शिक्षा लिए पनि उच्च शिक्षा लिनका लागि झनै समस्या रहेको उनको भनाइ छ । त्यहाँका बालबालिकालाई सङ्खुवासभाको तुम्लिङटार जानुपर्ने बाध्यता रहेको समाजसेवी पौडेलले जानकारी दिए । सङ्खुवासभा जानलाई पनि अरुण नदीमा पुल नहुँदा सास्ती छ । "मोथेटारका बालबालिकालाई शिक्षाको सहज पहुँच छैन", उहाँले भने, "पहिलो कुरा त यहाँ अशिक्षा र गरिबी छ । केही बालबालिका विद्यालय गए पनि उच्च शिक्षा लिन उनीहरूलाई समस्या छ । उच्च शिक्षा लिन जोखिम मोलेर सङ्खुवासभा जानुपर्ने अवस्था छ ।" अर्थाभावको समस्यालाई झेल्दै केही बालबालिकाले प्राथमिक शिक्षा हासिल गरे पनि कक्षा ५ माथिको शिक्षा हासिल गर्न धेरै समस्या रहेको सो विद्यालयकी शिक्षिका टीका श्रेष्ठले बताए । साना बालबालिकालाई कक्षा ३ पछिको शिक्षा लिन तीन घण्टा बढी समय लगाएर अरुण माध्यमिक विद्यालय तथा सङ्खुवासभा जिल्ला जानुपर्ने बाध्यता रहेकाले धेरै बालबालिकाले विद्यालय छाड्ने गरेको शिक्षिका श्रेष्ठले जानकारी दिए । शिक्षिका श्रेष्ठले भने "मुख्य समस्या त बालबालिका नै विद्यालय आउन मान्दैनन् । आएर कक्षा ३ पास गरेकालाई अन्य विद्यालय जान समस्या छ । सात-आठ वर्षका बालबालिकालाई तीन-चार घण्टा लगाएर अन्य ठाउँमा जानुपर्ने अवस्था छ । जसले गर्दा विद्यालय छाड्ने दर बढेको देखिन्छ ।" उनीहरूलाई सङ्खुवासभाको तुम्लिङटार जान केही नजिक भए पनि अरुण नदीमा पुल नहुँदा जोखिम मोलेर डुङ्गा चढेर नदी पार गरेर विद्यालय जानुपर्ने अवस्था छ । डुङ्गा पनि हिउँदको समयमा मात्र चल्ने र बर्खा लागेपछि बन्द हुन्छ । अरुण नदीमा पुल नहुनु स्थानीयका लागि निकै ठूलो समस्या रहेको शिक्षिका श्रेष्ठको भनाइ छ । राज्यले नि:शुल्क शिक्षाको व्यवस्था गरेको भए पनि यस समुदायका बालबालिकामा शिक्षाको पहुँच विस्तार हुन नसकेको देखिन्छ । परिवारका अभिभावक नै अशिक्षित भएका कारण उनीहरूले आफ्ना छोराछोरीलाई विद्यालय पठाउन नमान्ने स्थानीयवासी कृष्णबहादुर कुमालले जानकारी दिए । अभिभावकले बालबालिका अलिक ठूला भएपछि आफ्नै पेसामा काम गर्न लगाउने गरेका छन् । पैतीस घर कुमाल बस्तीमा करिब ७० जनाको हाराहारीमा विद्यालय समूहका बालबालिका रहे पनि दशभन्दा बढी बालबालिका शिक्षाको पहुँचभन्दा बाहिर रहेको उनको भनाइ छ । कक्षा ३ पास गरेपछि विद्यालय छाड्ने बालबालिको संख्या अझ बढी रहेको स्थानीय कुमालले बताए ।

"यो ठाउँमा स्वास्थ्य शिक्षा र यातायातको धेरै नै समस्या छ", स्थानीय कुमालले भने, "बस्तीमा स्वास्थ्यचौकी छैन । साधारण स्वास्थ्य सेवा लिन दिङ्ला तथा सङ्खुवासभा जानुपर्ने बाध्यता छ । बालबालिकालाई विद्यालय जान त्यस्तै समस्या छ । अर्थावस्था कमजोर छ । समस्याको बीचबाट जीवन गुजारा गर्दै आएका छौँ । हाम्रो मुख्य आयस्रोत भनेको माटाको भाँडा बनाउने पेसा हो । बनेका भाँडालाई सहजरूपमा बजारसम्म लैजाने अवस्था छैन । कतिपयले अब त पेसा पनि छाडिसके ।" कुमाल समुदायमा शिक्षाको चेतना फैलाउँदै यहाँ सहज आधारभूत पुर्याउनका लागि पहल भइरहेको षडानन्द नगरपालिका वडा नं ६ का वडाध्यक्ष सुमन विशुन्केले बताउनुभयो । खास गरेर स्थानीयमा रहेको अशिक्षाको कारण पनि बालबालिका शिक्षाबाट बञ्चित हुने गरेको उनको भनाइ छ । कतिपय कुमाल समुदायका मानिसले नागरिकतासमेत बनाउन नचाहने वडाध्यक्ष विशुन्केले बताए । नागरिकता बनाउन वडाले पहल गर्दासमेत नागरिकताको काम नै छैन भन्दै बनाउन नआएको वडाध्यक्ष विशुन्केले जानकारी दिए । आफ्नै पहलमा सात जनाको नागरिकता बनाइदिएको उनको भनाइ छ । कुमाल बस्तीमा रहेको समस्या समाधानमा नगरपालिकाले योजनाबद्ध रूपमा काम गरिरहेको षडानन्द नगरपालिकाका प्रमुख सुरेन्द्रकुमार उदासले जानकारी दिए । यहाँका नागरिकलाई आधारभूत आवश्यकताबाट बञ्चित हुन नदिन नगरपालिका लागिपरेको उहाँको भनाइ छ । "नगरपालिकालाई समृद्ध बनाउने अभियानमा हामी जुटेका छौँ", उहाँले भने, "अरुण नदीमा पुल नहुँदा हाम्रो उत्तरी क्षेत्र नै पछाडि परेको अवस्था छ । यहाँका प्रत्येक समस्याको समाधानमा नगरपालिकाले काम गरिरहेको छ ।" गरिबी तथा भौगोलिक विकटता कारण समस्या रहेका मानिसलाई लक्षित गरेर आगामी दिनका कार्यक्रम सञ्चालन गर्ने सोच रहेको नगर उपप्रमुख प्रमिला राईले बताए । *-रासस*

# विद्यालयको दिवा खाजामा गाउँकै फापर र कोदोको रोटी

चितवनको कालिका नगर पालिकाले विद्यालयको दिवा खाजामा गाउँकै फापर र कोदोको रोटी खुवाउन थालेको छ । स्थानीय रैथाने बाली प्रवर्द्धन गर्नका लागि नगरपालिकाले स्कुलका विद्यार्थीलाई फापर र कोदोको रोटी खुवाउन थालेको हो । पहिलो चरणमा यस वर्ष कालिका वडा नं१० स्थित उक्त विद्यालयका विद्यार्थीलाई फापर र कोदोको रोटी खुवाइएको नगरप्रमुख विनोद रेग्मीले जानकारी दिए । उनका अनुसार यस विद्यालयका विद्यार्थीलाई असारसम्म फापर र कोदोको रोटी खुवाइनेछ ।

यस वर्ष परीक्षणस्वरुप एउटा विद्यालयबाट कार्यक्रम सुरुवात गरेका छौं, नगरप्रमुख रेग्मीले भने, "यसको प्रभावकारिताका आधारमा आगामी वर्ष अन्य विद्यालयमा पनि यो कार्यक्रम लागू गर्छौं । पालिकाले कृषि शाखाको रैथाने बाली प्रवर्द्धन कार्यक्रममार्फत यस वर्ष रु एक लाख बजेट विनियोजन गरिएको छ भने यस विद्यालयमा सरकारले दिने नियमित खाजा पनि छ", आगामी वर्षदेखि विद्यार्थीलाई फापर र कोदोसँगै गिठ्ठा भ्याकुर, तरुल र पिडालु पनि खुवाउने उनले बताए । विद्यालयका प्राचार्य जीतबहादुर भट्टराईले रैथाने बालीको प्राङ्गारिक हुने भएकाले यसैलाई जोड दिइएको बताए । रैथाने वालीहरु लोप हुँदै गइरहेको अवस्थामा विद्यालयस्तर मा यस्ता खाजा खुवाउँदा पछिल्लो पुस्तालाई रैथाने बालीका बारेमा र म्रोसँग जानकारी हुने उनको भनाइ थियो । विद्यालयमा अधिकांश चेपाङ र जनजाति समुदायका बालबालिका अध्ययनरत छन् । कक्षा पाँचसम्ममा एक सय ६४ विद्यार्थीलाई खाजा नियमित खुवाइएको र खाजाकै कारण विद्यार्थीको संख्यासमेत बढेको छ । कतिपय बालबालिका भोकभोकै विद्यालय आउने गरेका छन् । प्राचार्य भट्टराईले भने, "खाजा खान पाइन्छ भन्ने आसले पनि बालबालिका विद्यालय आउँछन् तर खाजा खुवाउन सरकारले दिने रकम थोरै भएकाले यसलाई बढाउनसके अझै राम्रो खानेकुरा खुवाउन सकिन्थ्यो ।" नियमित खाजाका लागि सरकारले दैनिक रु पन्ध्र दिने गरेको छ । त्यसबाट स्कुलले बालबालिकालाई जाउलो चिउरा तरकार ी खुवाउने गरेको छ । कालिका नगर पालिकाका कृषि शाखा प्रमुख लक्ष्मण पोखर ेलले रैथाने बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत यस वर्ष विनियोजित रु१० लाख बजेटबाट केही रकम विद्यालय खाजामा प्रयोग गरि एको बताए । रैथाने बालीमा पौष्टिकतत्व बढी हुने हुँदा बालबालिकालाई यो खाजा खुवाउनु लाभदायिक हुने उनको भनाइ थियो । *-रासस*

# बालबालिकाको न्याय नखोसौं

**दीपकराज जोशी**

***हाम्रो अक्षमताको कारणले बालबालिका माथि विभिन्न तरिकाले अन्याय गरिरहेका छौं । प्रत्येक विद्यालयका हामी शिक्षक-शिक्षिकाले एकपटक आत्मसमीक्षा मात्र गरिदिंदा धेरै हदसम्म परिवर्तनको थालनी भई आम बालबालिका साँच्चिकै २१औं शताब्दीका भाग्यमानी बन्ने थिए कि ? हामी प्राय:जसो शिक्षाकर्मीहरूबीच बालबालिकाको बारेमा छलफल हुँदा उनीहरूभित्र भएका सकारात्मक पक्षहरूबाट सुरुवात नगरी अवगुणहरूको बारेमा छलफलमा केन्द्रित भएर सुधार्न प्रयास गर्दछौं । हामी स्वयंले आफूलाई बालबालिकाको ठाउँमा राखेर कत्तिको हेरेका छौं ? हामी र बालबालिकाबीच तुलना गर्ने हो भने उनीहरू निर्दोष, पवित्र छन् मात्र उमेर अनुसार केही बदमासी गर्न मन गर्दछन् । केही झुट, केही बिगार र अलि-अलि ठगी गर्न खोज्छन् र त्यसो गर्दा उनीहरूलाई गल्ती गरेको बोध गराउने र सही मार्गमा हिंडाउने जिम्मेवारी त हामी शिक्षाकर्मी र अभिभावकको हो ।***

शिक्षाकर्मी भएर बालबालिकाको भविष्य सुन्दर बनाउन लागेको दुई दशक हाराहारी भएछ । म आफैंलाई उनीहरूमाथि पूर्ण रूपमा न्याय गर्न नसकेको महसुस भइराखेको छ । हो, हामी शिक्षक-शिक्षिकाका पनि आफ्नै समस्या, गुनासा, अभाव, तनाव तथा चुनौती छन् र रहिरहने पनि देखिन्छ। हामी शिक्षा क्षेत्रमा रहरले वा बाध्यताले लागेका छौं ? वा जागिरका लागि लागेका छौं ? के साँच्चिकै जवाफदेही शिक्षाकर्मी भएर बालबालिकालाई न्याय दिनका लागि हामी तम्तयार भएका छौं त ? एकपटक हामी सबैले आफैंलाई प्रश्न सोध्ने कि 'मैले बालबालिकालाई न्याय गरिरहेको छु त ?' बालबालिकाका लागि शिक्षक सबैभन्दा ठूलो आस्था र विश्वासको धरोहर हो । बुवा-आमाभन्दा पनि बढी विश्वास शिक्षकको गर्दछन् पूर्वप्राथमिक तहका बालबालिका तर हामी उनीहरूको विश्वासको धरोहर बन्न सकेका छौं कि छैनौं एकपटक आफैंलाई नियाल्ने कि ? हाम्रो अक्षमताको कारणले बालबालिका माथि विभिन्न तरिकाले अन्याय गरिरहेका छौं ।

प्रत्येक विद्यालयका हामी शिक्षक-शिक्षिकाले एकपटक आत्मसमीक्षा मात्र गरिदिंदा धेरै हदसम्म परिवर्तनको थालनी भई आम बालबालिका साँच्चिकै २१औं शताब्दीका भाग्यमानी बन्ने थिए कि ? हामी प्राय:जसो शिक्षाकर्मीहरूबीच बालबालिकाको बारेमा छलफल हुँदा उनीहरूभित्र भएका सकारात्मक पक्षहरूबाट सुरुवात नगरी अवगुणहरूको बारेमा छलफलमा केन्द्रित भएर सुधार्न प्रयास गर्दछौं । हामी स्वयंले आफूलाई बालबालिकाको ठाउँमा राखेर कत्तिको हेरेका छौं ? हामी र बालबालिकाबीच तुलना गर्ने हो भने उनीहरू निर्दोष, पवित्र छन् मात्र उमेर अनुसार केही बदमासी गर्न मन गर्दछन् । केही झुट, केही बिगार र अलि-अलि ठगी गर्न खोज्छन् र त्यसो गर्दा उनीहरूलाई गल्ती गरेको बोध गराउने र सही मार्गमा हिंडाउने जिम्मेवारी त हामी शिक्षाकर्मी र अभिभावकको हो । तर शिक्षाकर्मीले जानी-जानी गरिरहेको बालबालिका माथिको अन्याय कसले र कहाँबाट सुधार्ने त ? शिक्षक समाजको बौद्धिक र जाने-बुझेको वर्ग होइन र ? अन्जान र अज्ञानीलाई सिकाउन, सुधार्न सकिन्छ तर जो स्वयं सबैथोक आउँछ भन्ने भ्रममा बाँचिरहेको छ अथवा अल्छीपनबाट उम्किन चाहँदैन भने कसरी सकिन्छ सुधार्न ? यदि घरमा अभिभावकले आफूलाई समयसापेक्ष रूपान्तर गरी उपयुक्त वातावरणमा सही संस्कार दिन सके र प्रत्येक शिक्षाकर्मीले थोरै मात्र जमर्को गर्ने हो भने बालबालिका सही गन्तव्यमा खुसीका साथ अघि बढ्दथे । अनाहकमा कुनै पनि बालबालिकाले पीडा र सकसमा बाँच्नु पर्दैनथ्यो ।

**अभिभावकले गर्नुपर्ने बोध**

नासपाती रोपेर स्याउ फल्दैन। तसर्थ हरेक घरमा रहेका बुवाआमाले बालबालिकामा समय सापेक्षित ज्ञान र सही संस्कार दिनुपर्छ । अभिभावकले बालबालिकालाई आफ्नो नियन्त्रणमा नराखे, कु-संस्कारको रोपनी भएमा विद्यालयमा रहेका शिक्षाकर्मीबाट आश गर्नु भनेको अर्थहीन अपेक्षा हो जसबाट स्वयं अभिभावक र बालबालिकालाई पीडा मात्र हुने गर्दछ । अधिकांश अभिभावकको 'छोराछोरीले भनेको मान्दैनन्, मुखमुखै लाग्ने गर्दछन्, रिसाउने, झर्किने, गलत संगतमा लाग्ने गर्दछन्, पढ्न मान्दैनन्' भन्ने जस्ता गुनासाका पोकासहित विद्यालयमा सहयोगको आशा र अपेक्षा राख्ने गर्दछन् । विद्यालयका शिक्षाकर्मी, प्रधानाध्यापक जादुगर होइनन् । उनीहरू केवल प्रेरणाका स्रोत हुन्, व्यवस्थित कार्यतालिकामा काम गर्ने र सम्झाउने व्यक्तित्व हुन् । बालबालिकाहरू शिक्षकले सम्झाउँदा तथा हप्काउँदा केहीबेरको लागि सुने जस्तो, माने जस्तो गर्दछन् तर दीर्घकालीन रूपमा त्यसले पनि काम गर्दैन । अभिभावकले आफ्ना बालबालिका विद्यालयमा र साथी संगतले मात्र सही मार्गमा लाग्ने र सफलता प्राप्त गर्ने विश्वास छ । केही हदसम्म यसले काम गर्दछ तर आमरूपमा समाजमा उपलब्धि र सफलताको शिखर चुमेर असल मान्छे उसको घरपरिवारका कारणले बनेको पाइन्छ। कुनै पनि मान्छेको सफलताको जग उसको घर हो बाँकी सबै गन्तव्यमा पुग्ने माध्यम मात्र हुन् ।

**शिक्षक-शिक्षिकाहरूले गर्नुपर्ने बोध**

शिक्षण एउटा यस्तो पेशा हो जसको सिकाइ-पढाइको अन्त्य कहिल्यै हुँदैन । हामीमा दुई दशक र अझै धेरै वर्षदेखि पढाएको घमण्ड छ । भित्रभित्रै आफू आउटडेटेड भइसकेको पत्तै हुँदैन । आफूले हिजो गरे जस्तै आज पनि निरन्तर रूपमा त्यही पद्धति, प्रणाली, शैली अपनाएर कक्षाकोठामा प्रवेश गरिरहेका छौं । अनि विद्यार्थी माथि सम्पूर्ण दोष थुपारेर पानीमाथिको ओभानो बन्न खोजिरहेका छौं । प्राय:जसो शिक्षक किताब पढाउने गर्दछौं, पाठ्यक्रम हेरेकै छैनौं । कहिलेकाहीं त बोर्ड परीक्षामा पाठ्यक्रम र ग्रिड अनुसारको प्रश्नपत्र माथि नै शंका गर्छौं । यो त भएन, किताबमा नै नभएको प्रश्न सोधियो भन्ने शिक्षाकर्मी पनि भेटिन्छन् । विज्ञ समूहले लामो समय लगाएर बनाएको पाठ्यक्रम अनुसारको तयारी गरी पढाउन-सिकाउनको लागि एकाइ र पाठको पूर्व तयारी गरी शिक्षक कक्षाकोठामा प्रवेश गर्नुपर्ने हो । तर हामी ४५ मिनेट आफ्ना कुरा सुनाएर हिंड्छौं र अझै पनि हामीलाई लाग्छ कि मैले शिक्षण पेशालाई न्याय गरेको छु । शिक्षकले ४५ मिनेटमा आफूलाई विभिन्न रूपमा प्रस्तुत गर्नका लागि पूर्वतयारी नितान्त आवश्यक छ तर शिक्षकसँग तयारी गर्ने न जाँगर छ न समय नै । अन्तत: बालबालिका जबरजस्ती कक्षाकोठामा बस्न बाध्य छन् । एक शिक्षक प्रेरणाको स्रोत, मनोवैज्ञानिक र परामर्शदाता हो । मायाको खानी हो, मनको कुरा सुन्ने साथी हो । अप्ठेरोको सहयोगी हात हो, कक्षाकोठाको कमान्डर हो, समय सापेक्षित रूपमा कक्षाकोठाको वातावरण निर्माण गर्न सक्ने डाइनामिक व्यक्तित्व हो ।

**सामुदायिक र संस्थागत विद्यालयको अवस्था**

विद्यालयको ठूलो हिस्सा सामुदायिक विद्यालयले ओगटेको छ तर बहुसंख्यक विद्यालय राजनीतिक कार्यकर्ता उत्पादन गर्ने ठाउँ भइराखेका छन् भने साधन-स्रोतको अभाव छ । सामुदायिक विद्यालयको नेतृत्वलाई पर्याप्त साधनस्रोत तथा अधिकार प्रदान गर्न सकिएको छैन । फलत: बालबालिका अन्यायको शिकार बनेका छन् । स्थानीय सरकारले चाहेमा सामुदायिक विद्यालयको रूपान्तरण गर्न त्यति गाह्रो छैन । शिक्षक र भौतिक संरचना संघीय सरकारले व्यवस्थापन गरिसकेपछि स्थानीय सरकारले विद्यालयमा अपुग साधनस्रोत र थितिको व्यवस्थापन गर्न सक्छ । यसले बालबालिकालाई उनीहरूभित्र रहेको प्रतिभा प्रस्फुटन गरी आफ्नो जीवनको गोरेटो तय गर्न सक्दछन् । संस्थागत, गुठी लगायत अन्य विद्यालयहरूले आफ्नै पाठ्यक्रम निर्माण गरेर अन्तर्राष्ट्रिय पाठ्यक्रम पढाउने गर्दछौं भनेको सुनिन्छ । कतिपयले अभ्यास पनि गरिरहेका छन् । तर यो आफैंमा नेपाल सरकारको शिक्षा नीति-नियमको उपहास हो । कतिपय अवस्थामा यो अभिभावकलाई गुमराहमा राखेर अचाक्ली शुल्क असुल्ने फण्डा मात्र बनेको छ । लामो समय लगाएर विज्ञ समूहले नेपाल र विश्व परिवेशलाई मध्यनजर गरी बनाएको पाठ्यक्रम भन्दा केही विद्यालयमा कार्यरत शिक्षाकर्मी र कसैको सहयोगमा बनाएको पाठ्यक्रमलाई कसरी मान्न सकिन्छ ? अभिभावक-शिक्षाकर्मी तथा सरोकारवालाहरू सबैले आफूलाई कम्तीमा सामान्य कुराको जानकारी नराखिकन निर्णय गर्ने कार्य गर्‍यौं भने त्यो सरासर बालबालिकामाथिको अन्याय हो । हाम्रो प्रवृत्ति समस्यालाई पन्छाउने र विषयलाई विषयान्तर गर्नेछ । कम्तीमा शिक्षा क्षेत्रमा लागेकालाई यसो गर्ने छुट कदापि हुँदैन । बालबालिकालाई सही मार्गमा हिंडाएर उनीहरूको उज्ज्वल भविष्यको लागि शिक्षक, अभिभावक र विद्यालयको हातेमालो हुनु जरूरी छ । सामुदायिक र संस्थागत विद्यालयहरूले आ-आफ्नो कमी-कमजोरीहरू सुधारेर अगाडि बढ्नुपर्छ ।

*-अनलाइन खबर डटकम*

# नागरिकता विधेयक कार्यान्वयन नगर्न सर्वोच्चको आदेश



**पाल्पा,** जेठ २१/राष्ट्रपतिबाट प्रमाणीकरण भएको नागरिकता विधेयक कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको छ । न्यायाधीश मनोजकुमार शर्माको एकल इजलासले मुद्दामाथि सुनुवाइ गर्दै सरकारलाई राष्ट्रपति रामचन्द्र पौडेलबाट प्रमाणीकरण भएको नागरिकता ऐन तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो ।

राष्ट्रपति पौडेलले गत बुधबार नागरिकता विधेयक प्रमाणीकरण गरेका थिए । राष्ट्रपति गैरसंवैधानिक रूपमा नागरिकता विधेयक प्रमाणीकरण गरेको भन्दै वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी र बालकृष्ण न्यौपानेले रिट दायर गरेका थिए । उक्त रिटमाथि आइतबार सुनुवाइ गर्दै सर्वोच्चले अल्पकालीन अन्तरिम आदेश जारी गरेको छ । अदालत अन्तरिम आदेशका लागि दुवै पक्षलाई बोलाएको छ । त्यस्तै, विपक्षी राष्ट्रपति कार्यालय लगायतका नाममा कारण देखाउ आदेश पनि जारी गरिएको सर्वोच्च अदालतले जनाएको छ । यसअघि संघीय संसदको दुवै सदनबाट पारित गरेर प्रमाणीकरणका लागि पठाइएको विधेयकलाई तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले १५ बुँदे सन्देशसहित फिर्ता गरिदिएकी थिइन् । तर त्यसपश्चात कुनै बुँदामा संशोधन नगरी तत्कालीन कांग्रेस-माओवादी गठबन्धनले संसदबाट पारित गर्ने निर्णय गरेर बहुमतले पारित भएपछि सो विधेयक राष्ट्रपति कार्यालयमा थन्किएको थियो । अहिले राष्ट्रपति पौडेलले सो विधेयक प्रमाणीकरण गरेपछि भने प्रतिपक्ष दलबाट विरोध हुँदै आएको छ ।

# सरकारी अनुदानको मल...

...सहकारीले वालिङ भकुण्डेस्थित गरिमा एग्रोलाई प्रतिबोरा एक हजार ५० का दरले बिक्री गरेको जनाएको छ । बाहिरी जिल्लाको एग्रोभेटमा मल कसरी को मार्फत बिक्री भयो भन्नेबारे आफूलाई कुनै जानकारी नभएको हराभरा कृषि सहकारी संस्थाका अध्यक्ष गीतादेवी भट्टराईले बताइन् । सहकारीले रामपुर-७ स्थित बहखोलामा रहेको पसलबाट बिहीबार राति ९ बजेपछि मल बिक्री गरेको बुझिएको छ । रामपुर नगरपालिकाभित्रका दशवटै वडामा सरकारले उपलब्ध गराएको अनुदानको मल बिक्री गर्ने आधिकारिक सहकारी, संघ संस्था रहेका छन् । सोही संस्थामार्फत मात्रै वडाभित्रका किसानलाई मल उपलब्ध गराइएको छ । वडा नं १ का लागि भलायटारमा रहेको ग्रामीण बचत तथा ऋण सहकारी, २ मा दुर्गादेवी सामाजिक उद्यमी महिला कृषि सहकारी, वडा नं ३ मा दर्छा हरियाली साना किसान कृषि सहकारी, ४ मा हातेमालो बचत तथा ऋण सहकारी (हालसालै मान्यता प्राप्त संस्था) र ५ मा सूर्योदय कृषि सहकारी संस्थाबाट मलको कारोबार भइरहेको छ । यस्तै वडा नं ६ मा विजयपुर कृषि सहकारी, ७ मा हराभरा कृषि सहकारी, ८ मा बराह कृषि सहकारी, ९ मा अर्बसिङ कृषि सहकारी र वडा नं १० मा आधारशिला महिला कृषि सहकारीले अनुदानको मलका लागि स्वीकृति लिएर मल खरिद बिक्री गर्दै आइरहेका छन् । रामपुरमा १५ देखि २० दिनको फरकमा मल भित्रिने गर्दछ । विजयपुर कृषि सहकारी र सूर्योदय कृषि सहकारीले साल्ट्र ट्रेडिङ कर्पोरेशन कम्पनी र कृषि सामग्री संस्थानमार्फत मल खरिद बिक्रीको अनुमति पाएका छन् भने बाँकी अन्य सहकारी संस्थाले कृषि सामग्री संस्थानमार्फत अनुमति लिएर मलको कारोबार गरिरहेका छन् । *-रासस*


कालीगण्डकी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
बिर्घा, स्याङ्जा

## मिनिटिलर (हाते ट्र्याक्टर) आपूर्तिकर्ता सूचिकृत/छनौटका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशित : २०८०/२/२२)**

कालीगण्डकी गाउँपालिका, स्याङ्जाको आ.व. ०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम बमोजिम ५० प्रतिशत अनुदानमा मिनिटिलर (हाते ट्र्याक्टर) अनुदानमा वितरण गर्ने कार्यका लागि यस कार्यालयमा सूचिकृत भै छनौट हुने कार्यका लागि सम्बन्धित आपूर्तिकर्ताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले ३ दिनभित्र रु ३०००।- दस्तुर तिरी तपसिलमा उल्लेखित कागजातहरु संलग्न गरी गाउँकार्यपालिकाको कार्यालयमा सूचिकृत/छनौटका लागिनिवेदन पेश गर्नुहुन अनुरोध छ ।

**तपसिल**

१. प्रस्ताव पेश गरेको सम्बन्धी कम्पनीको पत्र/निवेदन
२. संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपी
३. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र गत आ.व. सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपीवा कर चुक्ता गर्ने म्याद थप भएको निस्सा
४. विक्रीका लागि आधिकारीक एजेन्ट वा डिलर भएको खुल्ने कागजातको प्रतिलिपी
५. औजार/उपकरणको स्पेशिफिकेशन खुल्ने क्याटलग
६. विगत ३ आ.व. को लेखा परिक्षण प्रतिवेदन (एजेन्ट वा डिलरसिप लिएको सो भन्दा कम अवधि भएमा फर्म स्थापना भएको आ.व. देखिको)
७. प्राविधिक जनशक्तिको विवरण (संख्या तथा जनशक्तिको सेवा विवरण)
८. निवेदन पेश गर्ने मितिभन्दा बढीमा १५ दिन पहिलेसम्मको मौज्दात विवरण (उच्चतम मौज्दात)
९. आपूर्ति हुने औजार/उपकरणको विवरण (कार्यालयको वेभसाइटबाट डाउनलोड गर्न सकिने)

आपूर्तिकर्ताको सूचिकरण/छनौट सम्बन्धी सम्पूर्ण कारबाही **मिनिटिलर (हाते ट्याक्टर) मा ५० प्रतिशत अनुदान वितरण कार्यक्रम कार्यान्वयन कार्यविधि (पहिलो संसोधन), २०७७** बमोजिम हुनेछ ।

***प्रमुख प्रशासकीय अधिकृत***


# आजदेखि काँग्रेस लुम्बिनीको बृहत्त अभिमूखीकरण

## महामन्त्री थापाले सम्बोधन गर्दै




**दाङ -(लमही),** जेठ २१, आजदेखि नेपाली काँग्रेस लुम्बिनी प्रदेशले बृहत्त अभिमूखीकरण कार्यक्रम गर्न लागेको छ । नेपाली काँग्रेस लुम्बिनी प्रदेश प्रशिक्षण विभागको आयोजनामा जेठ २२ र २३ गते दुई दिन प्रदेशस्तरीय पार्टी अभिमूखिकरण कार्यक्रम हुन लागेको हो ।

कार्यक्रमको सबै तयारी पुरा भएको नेपाली काँग्रेस लुम्बिनी प्रदेशको सचिवायलयले जनाएको छ । १४ औं महाधिवेशन पछिको प्रदेशका प्रभावशाली नेताहरुको सहभागितामा हुने यो कार्यक्रमको नेपाली काँग्रेसका महामन्त्री गगन कुमार थापाले उद्घाटन गर्ने कार्यक्रम रहेको छ । यस अघी लुम्बिनी प्रदेशले वैशाख २९, ३० र ३१ गते प्रदेश भरीका १ सय भन्दा धेरैलाई प्रशिक्षक प्रशिक्षण तालिम आयोजना गरेको थियो । प्रदेशका १२ वटै जिल्लाका केन्द्रीय पदाधिकारी र केन्द्रीय सदस्य, प्रदेश समितिका पदाधिकारी, जिल्ला सभापति, संघीय क्षेत्रका सभापति, जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुख, पालिकाप्रमुख र उपप्रमुख, गरी १ सय ६० जनालाई सोमबार र मंगलबार दुई दिनसम्म अभिमूखिकरण कार्यक्रम गर्न लागिएको नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सभापति अमर सिंह पुनले जानकारी दिए । नेपाली काँग्रेस लुम्बिनीले आयोजना गरेको अभिमूखिकरणले स्थानीयतहका जनप्रतिनिधी र पार्टी बीचको समन्वय र बजेट निर्माणका साथै जनमुखि नीति र कार्यक्रम निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने लक्ष्यका साथ कार्यक्रम आयोजना गरिएको नेपाली काँग्रेस लुम्बिनी प्रदेशका उपसभापति तथा प्रशिक्षण विभागका प्रमुख भुवनप्रसाद श्रेष्ठले बताए । अभिमुखि कार्यक्रममा नेपाली काँग्रेसका महामन्त्री गगनकुमार थापाले जनप्रतिनिधी र पार्टी संगठन तथा समसामायिक मुलुकको राजनैतिक अवस्था, लुम्बिनी प्रदेशका मुख्य मन्त्री तथा संसदीय तलका नेता डिल्ली वहादुर चौधरीले प्रदेश सरकार र स्थानीय जनप्रतिनिधीको सम्बन्ध, नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सभापति अमर सिंह पुनले पार्टी र जनप्रतिनिधिको भूमिका, नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा पुर्वमन्त्री डा.मिनेन्द्र रिजालले नेपाली काँग्रेस र वर्तमान समसामायिक राजनैतिक अवस्था, लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. नकुल केसीले योजना निर्माणा र कार्यान्वयन, नेपाल सरकारमा पुर्वमुख्यसचिव तथा प्रशिक्षक डा.सोमलाल सुवेदीले राजस्व परिचालन र योजना तर्जमा प्रक्रिया, पुर्वसहसचिव पुरुषोत्तम नेपालले, बेरुजु फर्स्योट खरिल, वरिष्ठ प्रशिक्षक तीर्थ पौडेलले बैंठक सञ्चालन विधी र प्रक्रिया, गाउँपालिका राष्ट्रिय महासंघका केन्द्रीय सल्लाहकार लेखनाथ पोखेलले स्थानीय सरकार र सञ्चालन परिवेश, अनुभव तथा सुझाव दिने कार्यक्रम तयभएको काँग्रेस प्रदेश उपसभापति भुवनप्रसाद श्रेष्ठले जानकारी दिए ।


## नामथर फरक परेता पनि व्यक्ति एउटै भएको सूचना



सर्वसाधारणमा यो सूचना सूचित गरिन्छ की गुल्मी जिल्ला साविक ठूलोलुम्पेक गा.वि.स. वडा नं. ३ हाल सत्यवती गाउँपालिका वडा नं. ३ निवासी लाल बहादुर कुँवर थापा र श्रीमति खगी कुँवरको नेपाली नागरिकता नं १००३ मा नाम थर उल्लेख भएको र भारत सरकारद्वारा सेवा निवृत्त हुँदा विवरण गरेको पेन्सन सम्बन्धी कागजातहरुमा रेजिमेन्टल नं. ५७४६५१९ डब्लु पट्टा नं. एस/०२४५०४/१९९४ टि एस नं. ७७३६० पद नायक नामथर लाल बहादुर थापा तथा श्रीमतीको नामथर चित्र कुमारी थापा उल्लेख भई फरक परेको भएता पनि उपरोक्त नामथर भएको व्यक्ति एउटै हो भनि प्रमाणहरुबाट देखिन आएकाले सोही व्यहोरो सर्वसाधारण सबैमा सूचित गरिन्छ ।

## वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

## Vacancy Announcement !

**Post:** **Instructor**
Required No: **BMLT- 3 Nos**
Job Status: Time bound contract (Renewal)

**Qualification:**

- The candidate should have Bachelor's Degree (B.M.L.T) with Nepal Health Professional Council registration.
- Should have good communication and interpersonal relationship skills.
- Should have at least 2 years work experience in related field.

Please apply application with a copy of recent bio-data, passport size photograph and other necessary documents by 32 of Jestha 2080 to Principal, only the short-listed candidates will be invited for an interview and written test.

**Contact :**
**Principal**
**Tansen School of Health Science**
**075-520166**
**Email: tns@info.com.np**

सुरक्षित गर्भपत महिलाको प्रजनन् अधिकार
असुरक्षित गर्भपतन रोक्ने हाम्रो अधिकार

"भेदभाव र लाञ्छना रहित सुक्षित गर्भपतन सेवा र सूचनामा युवा तथा वयस्क महिलाको पहुँच पुऱ्याऔं ।"

परिवार नियोजनका साधन प्रयोग गर्न पाउने साथै सूचिकृत सेवा केन्द्रमा सुरक्षित गर्भपतन गराउन पाउने नागरिकको प्रजनन् अधिकार हो भनी नेपालको संविधानमा स्पष्ट व्यवस्था भईसकेकोले गर्भपतनका कारणले हुने भेदभाव र लाञ्छना हुन रोकौं र सबैलाई जानकारी गराऔं ।

FPAN नेपाल परिवार नियोजन संघ
पाल्पा शाखा तानसेन
सम्पर्क : ०७५-५२०७२३, एम्बुलेन्सका लागि ९८४७१०२७६५

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालयःभगवतीटोल-३,तानसेन,पाल्पा,फोनः०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई